## मिति २०८० साल भाद्र १७ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा।
२. आर्थिक बर्ष ०८०/८१ को स्थानीय दररेट सम्बन्धमा।
३. ठेक्का कार्यान्वयन सम्बन्धमा।
४. वडा कार्यालय सञ्चालन, मसलन्द तथा कार्यलय सामाग्री सम्बन्धमा।
५. प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा।
६. आर्थिक बर्ष ०७९/८० को अल्या बजेट सम्बन्धमा।
७. 'घ' वर्ग निर्माण व्यवसायी ईजाजत नविकरण सम्बन्धमा।
८. आयोजना शिर्षकान्तर सम्बन्धमा।
९. विविध समसामयिक विषयहरु सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

आर्थिक बर्ष ०७९/८० मा सम्पादित क्रियाकलाप तथा सेवा प्रवाहको सम्बन्धमा समिक्षा गरी यस आर्थिक बर्षमा सम्पादन हुने क्रियाकलाप तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाई शुसासन, मित्तव्ययीता तथा जवाफदेहिता कायम हुने गरी बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

मिति २०८०/०४/३१ गतेको स्थानीय दररेट निर्धारण समितिको बैठकबाट स्वीकृत आर्थिक बर्ष ०८०/८१ को स्थानीय ज्यालादर तथा निर्माण सामाग्रीको दररेटलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः**

आर्थिक बर्ष ०८०/८१ मा विनियोजन बजेट तथा कार्यक्रममध्ये देहाय आयोजनाहरु देहाय अनुसार ठेक्का मार्फत कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) संघीय समपुरक अनुदान मार्फत प्राप्त वडा नं. ३, ५ र ७ कार्यालय भवन निर्माण आयोजनाको लागि विनियोजित बजेट रु. ३,००,००,०००।०० (गाउँपालिका लागत साझेदारी समेत)को कार्यान्वयन गर्न भवन निर्माण सम्पन्न हुने गरी लागत अनुमान तयार गर्दा देहाय अनुसार हुन आएकोमा सो लागत अनुमानलाई स्वीकृत गरी वडागत देहाय अनुसार छुट्टा छुट्टै शिर्षक तथा बजेट बनाई ठेक्का आव्हान गर्ने।

| सि.न. | ठेक्काको नाम | विनियोजित बजेट | लागत अनुमान रकम (VAT, PS तथा कन्टेन्जेन्सी समेत) | थप आर्थिक दायित्व रकम तथा प्रतिशतमा |
|---|---|---|---|---|
| १ | Construction of ward office Building of Ward No. 3 of Likhu Rural Municipality Okhaldhunga | १,००,००,०००।०० | १,१५,००,०००।०० | १५,००,०००।०० (१५%) |
| २ | Construction of ward office Building of Ward No. 5 of Likhu Rural Municipality Okhaldhunga | १,००,००,०००।०० | १,१५,००,०००।०० | १५,००,०००।०० (१५%) |
| ३ | Construction of ward office Building of Ward No. 7 of Likhu Rural Municipality Okhaldhunga | १,००,००,०००।०० | १,१५,००,०००।०० | १५,००,०००।०० (१५%) |

ख) संघीय शसर्त अनुदान मार्फत वडा नं. ६ स्थित ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक नमुना बिद्यालयको क्रमागत भवन निर्माण आयोजनाको लागि विनियोजित बजेट रु. १,००,००,०००।०० को कार्यान्वयनको लागि १५% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

ग) संघीय समपुरक अनुदान मार्फत विचारी आहाल गाउँपालिका केन्द्र सडक निर्माण आयोजनामा बजेट रु. ३,००,००,०००।०० (गाउँपालिकाको लागत साझेदारी समेत) विनियोजन भएकोमा सो आयोजनामा कालोपत्रे, साईड स्ट्रक्चर तथा ड्रेनेज तयार गर्ने गरी कुल स्वीकृत बजेटमा २०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

घ) प्रदेश समपुरक अनुदान मार्फत भञ्ज्याङ् माहोरडाँडा सडक निर्माण आयोजना (लिखु ८ र ९) मा बजेट रु. ७०,००,०००।०० (गाउँपालिकाको लागत साझेदारी समेत) तथा राम्चा बाघखोर सडक निर्माण आयोजना (लिखु १) मा बजेट रु. ७०,००,०००।०० (गाउँपालिकाको लागत साझेदारी समेत) विनियोजन भएकोमा सो आयोजनाको साईड स्ट्रक्चर तथा ड्रेनेजको कार्य गर्ने गरी कुल स्वीकृत बजेटमा २०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

ङ) संघीय बिषेश अनुदान मार्फत दोबाटे मुहान हुँदै वृहत खानेपानी आयोजना, लिखु २ र १ मा बजेट रु. ७०,००,०००।०० विनियोजन भएकोमा सो आयोजनामा खानेपानी आपुर्तिलाई व्यवस्थापन गर्ने कार्य गर्ने गरी कुल स्वीकृत बजेटमा २०% भन्दा बढी लागत अनुमान नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत सो आयोजनाको कार्यान्वयन गर्ने ।

च) माथि उल्लेखित विवरण अनुसार ठेक्का कार्यान्वयन गर्दा थप आर्थिक दायित्व सिर्जित भएमा गाउँ कार्यपालिकाले थप आर्थिक स्रोत व्यवस्थापन गर्ने ।

## ४. निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः

आर्थिक बर्ष ०८०/८१ को स्वीकृत वडा कार्यालय संचालन तथा कार्यालय सामाग्री खर्च (वडा नं. १ देखि ९) शिर्षकमा प्रत्येक वडाको लागि विनियोजित रु. ७,००,०००।०० को कार्यान्वयनको लागि वडा कार्यालयबाट प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृत समक्ष खरिद आदेश स्वीकृत गराई देहाय अनुसारको खर्च शिर्षक तथा बजेटको सिमामा रही कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | वडा समिति बैठक भत्ता | १४४०००.०० |
| २ | वडा समिति बैठक खाजा खर्च | २८८००.०० |
| ३ | सवारी साधन ईन्धन खर्च | १०००००.०० |
| ४ | सवारी साधन मर्मत खर्च | ४००००.०० |
| ५ | भ्रमण खर्च | ९००००.०० |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १०००००.०० |
| ८ | सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ४००००.०० |
| ९ | खेलकुद कार्यक्रम | ५००००.०० |
| १० | विविध खर्च | १०७२००.०० |
| | **जम्मा** | **७०००००.००** |

## ५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः

यस गाउँपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६ को नियम ९ बमोजिम नियमित फिल्डमा गएर आयोजनाको कार्यान्वयनमा काम गर्ने कर्मचारीलाई देहायको आधारमा फिल्ड भत्ता उपलव्ध गराउने सर्वसम्मतबाट निर्णय गरियो ।

क) आर्थिक बर्ष ०८०/८१ को फिल्ड भत्ता शिर्षकबाट तथा सो शिर्षकबाट रकम अपुग भएमा आयोजनाको कन्टेन्जेन्सी शिर्षकबाट खर्च गर्ने ।

ख) फिल्ड भत्ता भुक्तानिको लागि सम्बन्धित कर्मचारीले कार्यलयबाट स्वीकृत प्रतिवेदन फारम अनुसार मासिक कार्य प्रतिवेदन तयार गरी महिना भुक्तान भएको एक हप्ता भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रमाणित गराई भुक्तानिको लागि प्रशासन शाखा मार्फत आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्ने ।

ग) देहायका कर्मचारीहरुलाई देहाय अनुसारको फिल्ड भत्ता यस आर्थिक बर्ष ०८०/८१ को श्रावण महिना देखि उपलब्ध गराउने ।

| क्र.स. | कार्यालय | पद | मासिक फिल्ड भत्ता |
|---|---|---|---|
| **१** | **पूर्वाधार विकास शाखा तर्फ** | | |
| १ | गाउँ कार्यपालिकामा कार्यरत | ईञ्जिनियर | १४०००.०० |
| | | सब-ईञ्जिनियर | १४०००.०० |
| | | अ.सब. ईञ्जिनियर (खा.पा.स.टे समेत) | १००००.०० |
| २ | वडा कार्यालयमा कार्यरत | अ./सब. ईञ्जिनियर | ७०००.०० |
| **२** | **कृषि शाखा तर्फ** | | |
| १ | गाउँ कार्यपालिकामा कार्यरत | सहायक कृषि प्रसार अधिकृत | ९०००.०० |
| | | कृषि सहायक (पाँचौ) | ५५००.०० |
| | | कृषि सहायक (चौंथो) | ५०००.०० |
| २ | वडा कार्यालयमा कार्यरत | कृषि सहायक (पाँचौ) | ५०००.०० |
| | | कृषि सहायक (चौंथो) | ४५००.०० |
| **३** | **पशुपन्छी शाखा तर्फ** | | |
| १ | गाउँ कार्यपालिकामा कार्यरत | सहायक पशु चिकित्सक | ९०००.०० |
| | | पशु सहायक (पाँचौ) | ५५००.०० |
| | | पशु सहायक (चौंथो) | ५०००.०० |
| २ | वडा कार्यालयमा कार्यरत | पशु सहायक (पाँचौ) | ५०००.०० |
| | | पशु सहायक (चौंथो) | ४५००.०० |

**६. निर्णय नं. ६, प्रस्ताव नं. ६ उपरको निर्णयः**

आर्थिक बर्ष ०८०/८१ को आय सिमा निर्धारण गर्दा आर्थिक बर्ष ०७९/८० को नगद मौज्दात अनुमान रु. ५४,६२,४६८।०० गरिएकोमा आर्थिक बर्षको अन्त्यमा नगद मौज्दात रकमको यथेष्ट हिसाब किताब गर्दा नगद मौज्दात रु. ८७,६१,७३२।५९ भएकोमा आर्थिक बर्ष ०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रममा विनियोजन हुन छुट एकमुष्ट नगद मौज्दात रकम रु. ३२,९९,२६४।५९ लाई आर्थिक बर्ष ०८०/८१ को नीति तथा कार्यक्रमको आधारमा नै देहायका कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्ने तथा आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| **सि.नं.** | **कार्यक्रम** | **खर्च शीर्षक** | **विनियोजन** | **श्रोत** |
|---|---|---|---|---|
| १ | संघीय शसर्त चालु अनुदान फिर्ता | २८२१९ | ७१५०००.०० | आन्तरिक श्रोत |
| २ | करुणा फाउण्डेशन साझेदारी | २२५२२ | ८०००००.०० | आन्तरिक श्रोत |

| | | | | |
|---|---|---|---|---|
| ३ | जग्गा बर्गिकरण कार्यक्रम | २२५२२ | ५००००० .०० | आन्तरिक श्रोत |
| ४ | गाउँपालिका जग्गा प्राप्ति | ३१४११ | ५००००० .०० | आन्तरिक श्रोत |
| ५ | भैपरी पूँजिगत खर्च | ३११५९ | ७८४२६४.५९ | आन्तरिक श्रोत |
| | | जम्मा | ३२९९२६४.५९ | |

**७. निर्णय नं. ७, प्रस्ताव नं. ७ उपरको निर्णयः**

'घ' वर्गको ईजाजत पत्र नविकरणको लागि प्रमुख प्रशासकीय अधिकृतलाई कार्यादेश प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**८. निर्णय नं. , ८ प्रस्ताव नं. ८ उपरको निर्णयः**

आर्थिक वर्ष ०८०/८१ मा कार्यान्वयन हुने गरी विनियोजन भएको वडा नं. २ को आयोजनामा शिर्षकान्तर गर्नको लागि वडा समितिको मिति २०८०/०४/०२ गतेको बैठकको निर्णय तथा मिति २०८०/०५/१५ गतेको वडा कार्यलयको पत्रानुसार देहाय अनुसार संशोधन गर्ने तथा आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र. स. | आयोजनाको नाम | श्रोत | खर्च शिर्षक | विनियोजित रकम | थप रकम | घट रकम | शंशोधित रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सिंचाई पाईप खरिद आयोजना, लिखु २ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १००००० .०० | ०.०० | १००००० .०० | ०.०० |
| २ | घोरेटो बाटो मर्मत आयोजना, लिखु २ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १८०००० .०० | ०.०० | १८०००० .०० | ०.०० |
| ३ | हाते ट्र्याक्टर खरिद आयोजना, लिखु २ | ३११२२ | नेपाल सरकार - समानिकरण अनुदान | ०.०० | २८०००० .०० | ०.०० | २८०००० .०० |
| | | | जम्मा | २८०००० .०० | २८०००० .०० | २८०००० .०० | २८०००० .०० |

**९. निर्णय नं. ९, प्रस्ताव नं. ९ उपरको निर्णयः**

बिबिध प्रस्तावमा उठेका बिषयमा उपर देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) यस गाउँपालिका वडा नं. ९ निबासि लोक गायक बल बहादुर परियार क्यान्सर पिडित भई भारतमा उपचारत रहेकोले आर्थिक सहायता नियमावलि, २०७७ नियम ४ (क) बमोजिम आर्थिक बर्ष २०८०/८१ को उद्दार राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट व्ययभार हुने गरी नियमानुसार रु.५०,०००।०० आर्थिक सहयता उपलव्ध गराउने।

ख) पोकली झरना पर्यटकीय क्षेत्रमा पोकली झरना अवलोकनार्थ सस्पेन्सन ब्रिज निर्माणको लागि सस्पेन्सन ब्रिज केन्द्रिय कार्यालय, पुल्चोकलाई लाई अनुरोध गर्ने।

ग) गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ४ गते बस्ने।